नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

प.सं ०७६\७७
च.नं ६८२

मितिः २०७७।०२।२०

श्री गाउँपालिका/नगरपालिका (सवै)

विषयः आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धमा ।

कोभिड–१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौती हो ।महामारीको अवस्थामा स्थानीय सरकारका अवश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन् ।यस परिस्थितिमा स्थानीय तहको बजेट तर्जुमा सामान्य अवस्थाको भन्दा फरक हुने निश्चित छ ।

स्थानीय तहले कोभिड–१९ को असरबाट सिर्जित आवश्यकताको पहिचान गरी सोही आधारमा नीति, कार्यक्रम र बजेटका प्राथमिकता निर्धारण गर्नुपर्ने हुन्छ । आवश्यकता पहिचान गर्दा नेपालको संविधान र विद्यमान कानून अनुरुप स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यहरु तथा नेपाल सरकारको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरुलाई समेत आधारको रुपमा लिन आवश्यक छ ।

यसै सन्दर्भमा, स्थानीय तहले यसैसाथ संलग्न आगामी आर्थिक वर्षको योजना तर्जुमा गर्दा ध्यान दिन आवश्यक देखिएका विषयहरु र यस मन्त्रालयले तयार गरी वेवसाईटमा राखेको तात्कालिक आवश्यकता पहिचान तथा कोभिड–१९ संवेदनशील योजना तर्जुमाको नमुना ढाँचालाई समेत सन्दर्भ सामाग्रीको रुपमा लिई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्नुहुन यस मन्त्रालय (माननीय मन्त्रिस्तर) को मिति २०७७।०२।२० को निर्णयानुसार अनुरोध छ ।

२०७७।२।२१

विष्णुदत्त गौतम
सहसचिव

**वोधार्थः**
श्री सूचना तथा प्रविधि शाखाः Website मा राख्ने प्रयोजनको लागि ।

# कोभिड– १९ को परिदृष्यमा स्थानीय तहको वार्षिक बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरु

**क. योजना तर्जुमा प्रक्रिया सम्वन्धीः**

१. हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरुप गाउँ-टोल भेलाको आयोजना गर्न स्वास्थ्य सुरक्षाको दृष्टिकोणले जोखिमपूर्ण हुने देखिएमा नागरिक सहभागिताका बैकल्पिक विधिहरु अवलम्बन गर्ने व्यवस्था मिलाउने । यसका लागि भौतिक दूरी तथा स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी स-साना समूहमा छलफल गर्ने, टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामुदायिक संस्थाहरू परिचालन गर्ने, सञ्चार तथा सूचना प्रविधिको उपयोग जस्ता विधि प्रयोग गर्न सकिने ।

२. कोभिड–१९ संक्रमणको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आँकलन गरी हाल स्थानीय तहले सम्पादन गरिरहेका क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्यांक संकलन तथा संप्रेषण जस्ता कार्यहरुका लागि यी क्षेत्रको विद्यमान अवस्था विश्लेषणका आधारमा आवश्यकता पहिचान गरी आगामी वर्षको नीति, कार्यक्रम र बजेटमा प्राथमिकतासाथ समावेश गर्ने ।

३. वजेट विनियोजन गर्दा वहुवर्षीय आयोजना तथा चालु आर्थिक वर्षका अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिने । साथै, वार्षिक कार्यक्रम तय गर्दा स्थानीय कच्चापदार्थ, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने आयोजना छनोटमा प्राथमिकता दिने।

**ख. कोभिड १९ बाट सिर्जित संकट व्यवस्थापन सम्वन्धीः**

१. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिने ।

२. संक्रमण जोखिम रहदाँसम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपांगता भएका ब्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गर्ने।

३. कोभिड-१९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाईजर, पिपिई) हरुको अभाव नहुने गरी बजेट व्यवस्था गर्ने ।

४. कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके वमोजिम क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउन आवश्यक वजेट व्यवस्थापन गर्ने । यस्तो व्यवस्था गर्दा आवश्यकता अनुसार छिमेकी स्थानीय तहहरुसँग समेत समन्वय र सहकार्य गर्न सकिने ।

५. कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गर्ने ।

६. एम्बुलेन्स, शव बहान, दमकल जस्ता सेवालाई चौबीसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था मिलाउने ।

७. कोभिड-१९ का कारण विधार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, डिप्रेशनमा रहेका ब्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने ब्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गर्ने ।

**ग. सामाजिक क्षेत्रसँग सम्वन्धी (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र अन्य)**

१. अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाइबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेट व्यवस्था गर्ने ।

२. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्न आवश्यक बजेट व्यवस्था गर्ने।

४. विद्यालय वन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरुको प्रयोग गरी पठनपाठन सुचारु गर्न आवश्यक वजेट व्यवस्था गर्ने ।

५. सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गर्ने ।

**घ. आर्थिक विकास सम्वन्धी (कृषि, पशु सेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)**

१. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, बिउ, कीटनाशक औषधीको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने ।

२. किसानको लागत मुल्य प्राप्तिको सुनिश्ततताको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने ।

३. स्थानीय तहभित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गर्ने । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गर्न सकिने ।

४. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गर्ने ।

५. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि, लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था मिलाउने।

ङ. वातावरण तथा विपद व्यवस्थापन सम्वन्धीः

१. कोभिड-१९ बाहेकका विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गर्ने ।

२. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाउने ।

च. सुशासन तथा संस्थागत विकास सम्वन्धीः

१. कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री वनाउन आवश्यक बजेट व्यवस्था गर्ने ।

२. कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले लागू गरेको लकडाउनका कारण चालु आर्थिक वर्षको आय ठेक्का प्रभावित भएको र आगामी आर्थिक वर्षमा समेत यस्तो अवस्थाको निरन्तरता हुनसक्ने देखिएकोले आय सङ्कलन प्रकृया र विधिमा सुधार तथा कर सहुलियत दिनु पर्ने अवस्था रहेमा सोको समेत आँकलन गरी आन्तरिक राजस्व परिचालन सम्बन्धी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्ने ।

३. कोभिड १९ को कारण व्यापार व्यवसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्न व्यवसाय कर, घरबहाल कर जस्ता करका क्षेत्रमा परेको असरको मूल्याङ्कन गरी कर सहुलियत प्रदान गर्न आवश्यक कानूनी व्यवस्था गर्ने ।

४. कोभिड १९ को कारण कर तथा गैरकर राजस्वमा पर्न सक्ने असरलाई आँकलन गरी आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाउने ।

५. आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व वाँडफाँट तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिंदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गर्ने।

६. सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गर्न उपयुक्त हुने ।

७. कोभिड–१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालीन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपूरक भूमिकामा परिचालन गर्ने नीति लिने।